प्रधानमन्त्रीको निजी सचिवालय
द.नं.: ८८५४
मिति: २०८२।१।१६

२०८२ वैशाख १६

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

विषय : सामाजिक सद्भाव कायम राख्न आपराधिक अभिव्यक्ति दिनेलाई पक्राउ गर्ने सम्बन्धमा ।

२०८२ वैशाख ३ गते बुधबार आफूलाई 'हिन्दू सम्राट् सेना' को उपाध्यक्ष बताउने कृष्ण यादवले नेपालका मुस्लिम समुदायमाथि जनसंहारको धम्की दिए । बालाजुस्थित बिजी ब्याङ्क्वेट हलमा आयोजित 'राष्ट्रिय निर्माणका लागि युवा प्रतिबद्धता' नामक कार्यक्रममा उनले भनेका थिए, "म्यानमार मा पाँच लाख मारियो भने नेपालमा एउटा पनि बाँकी रहँदैन ।" यसरी धम्की दिने सर्वसाधारण नभई एउटा तथाकथित मिलिसिया संस्थाको नेतृत्वमा रहेका व्यक्ति हुन् । उनी २०८० भदौमा मलंगवामा भएको हिंसात्मक साम्प्रदायिक घटनामा संलग्न भएको आरोपमा पक्राउ परेका थिए ।

यस्तो अभिव्यक्ति मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ९ अन्तर्गत परिभाषित धर्म सम्बन्धी कसूरजन्य कार्य हुन्छ । संहिताको दफा १५६(१)मा कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट कुनै जात, जाति, सम्प्रदाय वा वर्गको धार्मिक भावनामा आघात पुऱ्याउन निषेध गरिएको छ । त्यस्तो कार्य गर्नेलाई यसै दफाको उपदफा (२) अन्तर्गत दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । त्यस्तो कसूरजन्य अभिव्यक्ति दिएको यतिका दिन भइसक्दा पनि उनलाई कानूनी दायरामा नल्याइएकोप्रति हाम्रो गम्भीर आपत्ति छ । यस्तो लापर वाहीलाई सच्याएर उनलाई तुरुन्त पक्राउ गरी फौजदारी अनुसन्धान अगाडि बढाउन माग गर्दछौं ।

एउटा समुदायप्रति जनसंहार वा कुनै हिंसाको धम्की दिनु गम्भीर आपराधिक कार्य हो भन्ने हामी स्मरण गराउन चाहन्छौं । यस्तो अभिव्यक्तिले हिंसा भड्काउने, दुई समुदायबीच फाटो ल्याउने, घृणा-द्वेष फै लाउने गर्दछ । यस्तो असंवैधानिक र गैरकानूनी कार्यमा नेपाल सरकारले आँखा चिम्लिन मिल्दैन । यस्तो अभिव्यक्ति दिने व्यक्तिलाई उन्मुक्ति दिनु भनेको दण्डहीनतालाई प्रोत्साहन गर्नु हो । मुस्लिम समुदाय लक्षित यस्तो अभिव्यक्ति सह्य छैन । र, यस्तो अभिव्यक्ति दिंदा समेत कारबाही नहुने हो भने दण्डहीनताले प्रश्रय पाएको देशमा कोही सुरक्षित हुँदैन ।

वैशाख ४ गते ज्ञापनपत्र बुझाउन गएका इस्लामी संघ नेपालका प्रतिनिधिहरूलाई गृहमन्त्रीज्यूले 'त्यो भिडिओ हेरिसकेको छु' भन्नुभएको कुरा हामीले थाहा पायौं । गृहमन्त्रीले थाहा पाएर पनि यस्तो आपर ाधिक अभिव्यक्ति दिनेलाई अहिलेसम्म पक्राउको आदेश नदिनु आश्चर्यजनक छ । असंवैधानिक, गैर कानूनी, हिंसा भड्काउने, समुदाय समुदायबीच फाटो ल्याउने अभिव्यक्ति दिनेलाई तत्काल पक्राउ गरेर आफ्नो जिम्मेवारी पूरा गर्न सम्माननीय प्रधानमन्त्री र गृह प्रशासनलाई अनुरोध गर्दछौं ।

बोधार्थ :

माननीय गृहमन्त्री रमेश लेखकज्यू
गृह मन्त्रालय, सिंहदरबार ।

हस्ताक्षरकर्ता :

१- हिमाली दीक्षित, अभियन्ता

२- डा. महेश मास्के, पूर्व राजदूत

३- रिया ज्ञवाली, अनुसन्धाता

४- डा. महेश्वर यादव, अनुसन्धाता

५- शेख नाहिदा बानू, राष्ट्रिय अन्तर्धार्मिक सञ्जाल, नेपाल

६- कमल मादेन, वनस्पतिविज्ञ

७- नवीन सुब्बा, फिल्मकर्मी

८- दिनेश पन्त, पत्रकार

९- केशव सूर्यवंशी मगर, राजनीतिकर्मी

१०- सीता मादेम्बा, अनुसन्धाता

११- लक्ष्मण गुरुङ, अनुसन्धाता

१२- डा. अब्दुल हसन अन्सारी, स्वास्थ्यकर्मी

१३- बन्दनाकुमारी झा, नयाँ सृष्टि चर्च तथा राष्ट्रिय अन्तर्धार्मिक सञ्जाल, नेपाल

१४- सीमा खान, राष्ट्रिय अन्तर्धार्मिक सञ्जाल, नेपाल

१५- दब पुन मगर, नेपाल मगर बौद्ध सेवा समाज

१६- सोम निरौला, मानव अधिकारकर्मी

१७- मोहम्मद जाकिर हुसैन, पूर्व राज्यमन्त्री, संविधानसभा सदस्य

१८- राजेन्द्र महर्जन, लेखक तथा सम्पादक

१९- अन्शुकुमार यादव, समाजशास्त्रका विद्यार्थी

२०- प्रणेता, अभियानी

२१- सञ्जोग लाफा मगर, आदिवासी अभियन्ता

२२- विवेक वर्णवाल, पत्रकार

२३- गोविन्द छन्त्याल, नागरिक अभियन्ता

२४- सविन निङ्लेखु, अनुसन्धाता

२५- भागवतनरसिंह प्रधान, अभियन्ता तथा अनुसन्धाता

२६- प्रणिका कोयू, अभियन्ता

२७- सन्देश घिमिरे, लेखक

२८- सविन ढुंगेल, राष्ट्रिय अन्तर्धार्मिक सञ्जाल, नेपाल

२९- शेषराज लामिछाने, प्राध्यापक

३०- डा. अनूप सुवेदी, चिकित्सक

३१- मेनुका छन्त्याल, पत्रकार

३२- कैलाश राई, अभियन्ता तथा अनुसन्धाता

३३- अब्दुल करिम मुसलमान, मेडिकल विद्यार्थी

३४- आशिष जोशी, अनुसन्धाता

३५- कमला हेमचुरी, अम्बेडकरवादी अभियन्ता

३६- आविषमान शाक्य, कलाकार

३७- अशोक दर्नाल, दलित अधिकारकर्मी

३८- जीवन क्षेत्री, अभियन्ता

३९- डा. अरुण उप्रेती, चिकित्सक

४०- अंकुर कर्माचार्य, अभियन्ता

४१- झुमा लिम्बू, संस्कृतिकर्मी

४२- मोजिव अली, राजनीतिक एवं सामाजिक अभियन्ता

४३- रेखाप्रसाद चौधरी, सामाजिक अभियन्ता

४४- कमल योञ्जन, बुद्धिजीवी

४५- सञ्जीव उप्रेती, लेखक

४६- शक्तिकुमार बंसकार, सामाजिक अभियन्ता

७- निष्णु थिङ, अनुसन्धाता

८- डिबी नेपाली, अध्येता तथा लेखक

९- आबिद हुसेन, कानूनका विद्यार्थी

१०- रेनिशा न्यौपाने, विद्यार्थी